# जिल्ला समन्वय समितिको कार्यालय, तानसेन पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

आ.व २०८१/०८२ को चौथो त्रैमासिक समयावधि (२०८२ बैशाख १ गतेदेखि २०८२ असार मसान्तसम्म ) मा सम्पादित कार्यहरुको विवरण, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १२ जनाको दरबन्दी रहेको छ । |
| ख) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला स्थित संघ र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गै.स.स तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सोको प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहने कर्मचारी संख्या र विवरण | जिल्ला समन्वय अधिकारी-१<br>शाखा अधिकृत-१<br>ईन्जिनियर- १<br>नायब सुब्बा-१<br>लेखापाल-१<br>सब-ईन्जिनियर- १ (रिक्त)<br>खरिदार-१<br>हलुका सवारी चालक-२(करार १ जना ,१पद रिक्त)<br>कार्यालय सहयोगी- ३(२ जना स्थायी ,१ जना करार) |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, |
| ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | — |
| च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर-निशुल्क, अवधि- तुरुन्त प्रक्रिया अघि बढाइने छ। |

जिल्ला समन्वय अधिकारी

| | |
|---|---|
| छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | -सम्बन्धित शाखाबाट अवस्था अनुसार कारवाही सुरु भई जिल्ला समन्वय अधिकारीबाट निर्णय हुने ।<br>-अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समितिका प्रमुखबाट निर्णय हुने । |
| ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी | -समन्वय प्रमुख (श्री टंकनाथ खनाल)<br>-जिल्ला समन्वय अधिकारी (श्री मुकुन्द शर्मा) |
| झ) सम्पादन गरेको कामको विवरण | -जिल्ला समन्वय समितिको मिति २०८२।०३।१२ मा बैठक बसी आवश्यक निर्णय गरिएको ।<br><br>- विभिन्न मितिमा तानसेन नगरपालिका, तिनाउ, माथागढी र बगनासकाली गाँउपालिका अन्तर्गतका नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिले अनुगमन गरी आवश्यक निर्णय गरिएको।<br><br>- जिल्ला समन्वय समितिको समन्वय/आयोजन, The Asia Foundation को आर्थिक र प्राविधिक सहयोगमा जिल्लाका सबै स्थानीय तहका, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरिक्षक र पत्रकार समेतको सहभागितामा मिति:२०८२/01/३० गते अन्तरपालिका स्तरीय असल अभ्यास आदान प्रदान कार्यक्रम श्रीनगर होटलमा सम्पन्न गरिएको।<br><br>- गणतन्त्र दिवस -२०८२ को पुर्व तयारीका सन्दर्भमा मिति २०८२ जेट [illegible] गते जि.स.स. प्रमुख श्री टंकनाथ खनालज्यूको अध्यक्षतामा, तानसेन नगरालिकाका नगरप्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख, पत्रकार लगायतको उपस्थितिमा जिल्ला समन्वय समितिको कार्यालय, पाल्पाको सभाहलमा छलफल एव निर्णय गरिएको।<br><br>- मिति २०८२/०२/१५ गते गणतन्त्र दिवस २०८२ को सन्दर्भमा जि.स.स. प्रमुख श्री टंकनाथ खनालज्यूको अध्यक्षतामा सरसफाई, शुभकामना आदान प्रदान र दीप प्रज्वलन कार्यक्रम पाल्पा दरबार परिसर, पाल्पामा सम्पन्न गरिएको।<br><br>- मिति २०८२/०३/०५ गते जनता माध्यमिक विद्यालय र साविक शैक्षिक विकास तालिम विकास तालिम केन्द्रको भवन र जग्गा (हाल सामाजिक विकास डिभिजन कार्यालय)को हक हस्तान्तरण सम्वन्धमा लुम्बिनी प्रदेश सभा सदस्य माननीय विर वहादुर राना, जिल्ला समन्वय समितिका प्रमुख, तानसेन नगरपालिकाका नगर प्रमुख, समन्वय समितिका उपप्रमुख, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक डिभिजन |

जिल्ला समन्वय अधिकारी

| | |
|---|---|
| | कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, जनता माध्यमिक विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, प्रधानाध्यापक, उद्योग वाणिज्य संघ, व्यापार संघ, नेपाल पत्रकार महासंघ सहित सरोकारवालावीच छलफल सम्पन्न गरिएको।<br><br>-अल्पकालीन सुरक्षित आवास गृह(SAFE House) आवास कार्यलाई निरन्तरता दिनको लागि जि.स.स.उपप्रमुख श्री काशिका ज्ञवालीको संयोजकत्वमा मिति २०८२/०३/१६ गते बैठक बसी आवश्यक निर्णय गरिएको।<br><br>-जिल्ला समन्वय समिति रसुवाको आयोजनामा मिति २०८२/०३/१९ गते जि.स.स.को सभाहल धुन्चे रसुवामा वर्तमान जिल्ला समन्वय समितिका पदाधिकारीहरुले आफ्नो पदभार ग्रहण गरेको ३ वर्ष पूरा भएको सुखद उपलक्ष्यमा आयोजित छलफल तथा अनुभव आदान प्रदान कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख र उपप्रमुखको सहभागिता रहेको।<br><br>-पाल्पा जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरु बाट संचालित आयोजना कार्यक्रमहरुको विभिन्न मितिमा समन्वय प्रमुख, समन्वय अधिकारी, कर्मचारी बाट अनुगमन सम्बन्धि कार्य भएको ।<br><br>-संघ र प्रदेशवाट स्थानीय तह र अन्य कार्यालयहरुलाई समन्वय गर्ने सम्बन्धमा लेखिआएका विषयमा समन्वय गर्ने कार्य गरिएको । |
| ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुख : जिल्ला समन्वय अधिकारी श्री मुकुन्द शर्मा<br>सूचना अधिकारी : शाखा अधिकृत श्री भावना पोखरेल |
| ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | - स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>-जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६<br>- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि- २०७९<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैठक सञ्चालन सम्वन्धी कार्यविधि - २०७५ |
| ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आ.व २०८१।०८२ को असार मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण :<br>बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु)<br>विनियोजित बजेट: रु२१,७१०,९८५.००।-<br>खर्च: रु१७,६८१,९६७.२१।- |
| ड) तोकिए बमोजिमका अन्य विवरण | — |

जिल्ला समन्वय अधिकारी